**नेपाल इन्भेष्टमेण्ट बैंक लि.**
**NEPAL INVESTMENT BANK LTD.**

*Truly a Nepali Bank*

(नेपाल राष्ट्र बैंकबाट “क” वर्गको इजाजत पत्र प्राप्त संस्था)


केन्द्रिय कार्यालय, दरवारमार्ग, काठमाण्डौं ।
फोन नं : ४२२८२२९, फ्याक्स नं : ४२२६३४९, ४२२८९२७
इमेलः info@nibl.com.np / वेभसाइट : www.nibl.com.np


**को**

# बोनस शेयर प्रमाणपत्र वितरणका लागि हितग्राही खाता विवरण उपलब्ध गराउने तथा बोनस शेयर वितरण सम्बन्धी सूचना

श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको मिति २०७२/०७/३० गते सम्पन्न २९ औं वार्षिक साधारण सभाबाट पारित भएको ३३ प्रतिशत बोनस शेयर जम्मा गर्नका लागि उक्त बैंकको जुनसुकै शाखा कार्यालय वा उक्त बैंकको शेयर रजिष्ट्रार यस एनआईबिएल क्यापिटल मार्केटस् लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क गरी आफ्नो हितग्राही खाता भएका शेयरधनी महानुभावहरूले आफ्नो खाताको विवरण उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछौं ।

हितग्राही खाता सम्बन्धी विवरण उपलब्ध गराउने आवेदन फाराम उक्त बैंकको वेवसाईट www.nibl.com.np तथा यस एनआईबिएल क्यापिटल मार्केटस् लिमिटेडको वेवसाइट www.niblcapital.com बाट वा उक्त बैंकको जुनसुकै शाखा कार्यालय वा बैंकको शेयर रजिष्ट्रार यस एनआईबिएल क्यापिटल मार्केटस् लि. बाट समेत प्राप्त गर्न सक्नु हुनेछ । शेयर अभौतिकिकरण नभएको अवस्थामा शेयरको कारोवार समेत गर्न नसकिने भएको हुँदा अभौतिकिकरण गर्न बाँकि भएका शेयरधनीहरूलाई पनि यसै सूचनाबाट अभौतिकिकरण गरी खाता खोल्नुहुन अनुरोध गर्दछौ ।

साथै त्यसरी खाता खोल्न नसक्नु हुने शेयरधनी महानुभावहरूलाई तल उल्लेखित तालिका बमोजिम उक्त बैंकको शेयर रजिष्ट्रार यस एन आईबिएल क्यापिटल मार्केटस् लिमिटेड लाजिम्पाट, काठमाण्डौंबाट बोनस शेयरको भौतिक प्रमाणपत्र उपलब्ध गराइने व्यहोरा जानकारी गराइन्छ ।

| क्रम संख्या | वितरण हुने मिति | क्रम संख्या | वितरण हुने मिति |
|---|---|---|---|
| ०००१-२००० सम्म | २०७३ बैशाख १२ र २२ गते | ८००१-१०,००० सम्म | २०७३ बैशाख १६ र २७ गते |
| २००१-४००० सम्म | २०७३ बैशाख १३ र २३ गते | १०,००१-११,५६२ सम्म | २०७३ बैशाख १७ र २८ गते |
| ४००१-६००० सम्म | २०७३ बैशाख १४ र २४ गते | २०,००१-२२,००० सम्म | २०७३ बैशाख २० र २९ गते |
| ६००१-८००० सम्म | २०७३ बैशाख १५ र २६ गते | २२,००० देखि माथि सबै | २०७३ बैशाख २१ र ३० गते |

**द्रष्टव्य :**

१. बोनस शेयर उक्त नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको शेयर रजिष्ट्रार यस एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंबाट आईतबार देखि बिहिबारसम्म बिहान ९:३० बजेदेखि ३:०० बजेसम्म र शुक्रबार विहान ९:३० बजेदेखि १:०० बजेसम्म वितरण हुनेछ ।

२. बोनस शेयर लिन पाल्नु हुने महानुभावहरूले शेयरधनी प्रमाणपत्रको प्रतिलिपि वा शेयरधनी परिचयपत्र वा नागरिकताको प्रतिलिपि अनिवार्य रूपमा लिई आउनु पर्नेछ ।

३. शेयरधनी महानुभाव स्वयं उपस्थित हुन नसक्नु भएको अवस्थामा प्रमाणपत्रको प्रतिलिपि सहित मन्जुरीनामा लिई आउने व्यक्तिले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा परिचयपत्र लिई आउनु पर्नेछ ।

४. तालिका अनुसार आफ्नो बोनस शेयर संकलन गर्न असमर्थ हुने शेयरधनी महानुभावहरूले तालिका समय समाप्ति पश्चात पनि आफ्नो अनुकुल समयमा बोनस शेयर संकलन गर्न सकिने व्यहोरा जानकारी गराईन्छ ।

५. शेयर प्रमाणपत्र धितो राखेका शेयरधनीहरूले बोनस शेयर संकलन गर्न आउँदा सम्वन्धित बैक/वित्तीय संस्थाको स्वीकृति पत्र अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

६. शेयर अभौतिकिकरण गरिसक्नु भएका शेयरधनीले आफनो शेयर हितग्राही खातामा जम्मा गर्न निवेदन दिनु हुँदा शेयरधनीको नाम, शेयरधनी परिचय नम्वर, निक्षेप सदस्यको नाम, हितग्राही खाता नम्बर (Demat Account Number/BOID), शेयरधनीको दस्तखत समेत उपलब्ध गराउनु पर्नेछ ।

साथै उक्त बैंकको २९ औं वार्षिक साधारण सभाबाट परित भएको बोनस शेयर जारी गर्दा खण्डित (Fraction) मा शेयर संख्या पर्न आएका शेयरधनीहरूको बोनस शेयर वितरण गर्दा माथिल्लो संख्यामा वितरण गर्ने निर्णय समेत भएकोले खण्डित (Fraction) शेयर वापतको रकम समेत हितग्राही खाता विवरण उपलब्ध गराउने वा शेयर प्रमाणपत्र लिन आउने समयमा भुक्तानी गरिदिनु हुन समेत अनुरोध गर्दछौं ।

**शेयर रजिष्ट्रारको पुरा नाम र ठेगाना**

**NIBL CAPITAL**

**एनआईबिएल क्यापिटल मार्केट्स लि.**

(A Subsidiary of Nepal Investment Bank Limited)


पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com